# शितगंगा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
५ नं. प्रदेश, नेपाल

च.नं. ३३६

मिति २०७४/१२/१५

## सार्वजनिक सूचना

**विषय : मेलमिलापकर्ताको रुपमा काम गर्न इच्छुक महानुभावहरुबाट सूचिकृत हुने सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस नगरपालिकाको न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनु पर्ने कार्य विधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४ कार्यान्वयनको लागि सोही ऐनको दफा ५९ बमोजिम मेलमिलापकर्ताको सूचि तयार गरी नगरसभाबाट अनुमोदन गराउनु पर्ने र छनौट भएका मेलमिलापकर्तालाई मेलमिलाप सम्बन्धी आधारभुत तालिम समेत सञ्चालन गर्ने कार्यक्रम भएको हुँदा तपशिलमा उल्लेखित योग्यता भएका इच्छुक महानुभावहरुबाट मिति २०७४/१२/३० सम्म यस नगरपालिकाको कार्यालयमा आफ्नो व्यक्तिगत विवरण नागरिकता शैक्षिक योग्यताको प्रमाण पत्र पेश गर्नु हुन यो सूचना सार्वजनिक गरिएको छ ।

**आवश्यक योग्यता**

(क) स्नातक उर्तीण गरेको ।

(ख) कुनै राजनैतिक दल प्रति आस्था राखी राजनितिमा सक्रिय नभएको ।

(ग) स्थानीय स्तरमा समाजसेवीको रुपमा पहिचान बनाएको ।

(घ) मेलमिलाप कर्ता सम्बन्धी तालिम लिई कार्य गर्दै आएको भएमा निरन्तरता दिन सकिने ।

(ङ) २५ वर्ष उमेर पुरा भएको ।

च) सिफारिस गर्दा समावेशी सिद्धातलाई प्राथमिकता दिनु पर्नेछ ।

(छ) माथि उल्लेखित योग्यतामा जुनसुकै कुरा लेखिएको भएतापनि स्नातक उर्तिण गरेको वा मेलमिलाप सम्बन्धी तालिम लिएको व्यक्तिहरु नभएको अवस्थामा सिफारिस गरेको व्यक्तिहरुले (ख) र (ग) प्रावधान अनिवार्य रुपमा पालना गरेको हुनु पर्नेछ ।

पुनश्च : मेलमिलापकर्ता समाजसेवी पद भएको हुँदा पारिश्रमिकको व्यवस्था हुदैन ।

हरि नारायण बेल्बासे
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत